अनुसूची २

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्वन्धित)

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

बारबर्दिया नगरपालिकाद्वारा प्रकाशित

# बारबर्दिया राजपत्र

भाग-२

खण्ड:७ संख्या:१४ मितिः २०८०/१२/३०

## बारबर्दिया नगरपालिकाका जनप्रतिनिधीको पदावधी कायम रहेको अवस्थामा मृत्यु भएमा निजको आश्रीत परिवारलाई उपलब्ध गराउने नगद आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावनाः** बारबर्दिया नगरपालिकामा निर्वाचीत भएर स्थानीय सरकार संचालन ऐन र विध्यमान कानुनले तोकेका कार्यहरुमा नगरबासीहरुलाई सेवा पुर्याई रहेको अवस्थामा बाहालवाला जनप्रिनिधीलाई कुनै दीर्घकालीन रोगका कारण वा अन्य बिभिन्न प्रकृतिका बिपदका कारण मृत्यु भएमा नगरपालिकाबाट प्रदान गरिने आर्थिक सहयोगले निजको आश्रीत परिवारलाई मृतकको काजक्रिया खर्च, परिवारको पढाई लेखाइका अतिरिक्त अन्य पारिवारीक कार्यमा सहयोग पुर्याउने उदेश्यले बारबर्दिया नगर सभाको निर्णय बमोजिम तोकएको रकम आर्थिक सहायता स्वरुप उपलब्ध गराउन वाञ्छनीय भएकोले

बारबर्दिया नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
जयनगर, बर्दिया
लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

CamScanner

बारबर्दिया नगरपालिकाको प्रशासकीय कार्यविधी नियमित गर्ने ऐन २०७४ को दफा (४) बमोजिम बारबर्दिया नगरपालिका जनप्रतिनिधीहरुको पदावधी कायम रहेको अवस्थामा मृत्यु भएमा निजको आश्रीत परिवारलाई उपलब्ध गराउने नगद आर्थिक सहायता कार्यविधि, २०८० जारि गरिएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस आदेशको नाम "बारबर्दिया नगरपालिका जनप्रतिनिधीको पदावधी कायम रहेको अवस्थामा मृत्यु भएमा निजको आश्रीत परिवारलाई उपलब्ध गराउने नगद आर्थिक सहयोग कार्यविधि, २०८० रहेको छ।

२.परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "नगरपालिका" भन्नाले बारबर्दिया नगरपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ख) "नगर कार्यपालिका" भन्नाले बारबर्दिया नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्छ ।

(ग) "जन प्रतिनिधी" भन्नाले बारबर्दिया नगरपालिकामा निर्वाचीत भएर हाल कार्यरत पदावधी कायम रहेका जनप्रतिनिधीहरुलाई सम्झनु पर्दछ।

(घ) "आर्थिक सहायता रकम" बारबर्दिया नगरपालिकामा निर्वाचीत भएर स्थानीय सरकार संचालन ऐन र विध्यमान कानुनले तोकेका कार्यहरुमा नगरवासी जनताहरुलाई सेवा पुर्याई रहेको अवस्थामा बाहालवाला जनप्रिनिधीको कुनै दीर्घकालीन रोगका कारण वा अन्य बिभिन्न प्रकृतिका बिपदका कारण मृत्यु भएमा नगरपालिकावाट प्रदान गरिने आर्थिक सहयोगले निजको आश्रीत परिवारलाई मृतकको काजकिरीया खर्च, परिवारको पढाई लेखाइका अतिरिक्त अन्य पारिवारीक कार्यमा सहयोग पुर्याउने उदेश्यले नगर कार्यपालिका/ नगर सभाले निर्णय गरेवमोजिमको सहायता रकम यस कार्यविधि वमोजिम प्रदान गरिने आर्थिक सहायता रकमलाई सम्झनु पर्छ ।

(ङ) "नगरसभा" भन्नाले बारबर्दिया नगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

३.विवरण तथा कागजात संलग्न गर्नुपर्नेः

(१) मृतक जनप्रतिनिधीका आश्रीत परिवारले आर्थिक सहायता रकम प्राप्त गर्नका लागि सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र सहित तपशिल वमोजिमका कागजात संलग्न गरी आर्थिक प्रशासन शाखामा पेश गर्नु पर्नेछः

(क) कुनै किसिमको रोगलागी मृत्यु भएका जनप्रतिनिधीको हकमा निजको मृत्यू भएको प्रमाण खुल्ने कागजातहरु र वडा कार्यालयको सिफारिस पत्र।

(ख) बिभिन्न प्रकृतीका विपद र सडक दुर्घटनाका कारण मृत्यू भएकाको हकमा प्रहरी मुचुल्का र सिफारिस पत्र ।

४.रकम उपलब्ध गराउनेः बारबर्दिया नगरपालिकामा निर्वाचीत बाहालवाला जनप्रिनिधीको कुनै दीर्घकालीन रोगका कारण वा अन्य बिभिन्न प्रकृतिका बिपदका कारण मृत्यु भएमा नगरपालिकाबाट प्रदान गरिने आर्थिक सहयोगले निजको आश्रीत परिवारलाई मृतकको काजक्रिया खर्च, परिवारको पढाई

बारबर्दिया नगरपालिका नगरकार्यपालिकाको कार्यालय बाँसगढी, बर्दिया लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

लेखाइका अतिरिक्त अन्य पारिवारीक कार्यमा सहयोग गर्न आर्थिक सहायता बापतको रकम बारबर्दिया नगरकार्यपालिकाले उपलब्ध गराउनेछ । सो उपलब्ध गराइने राहात रकम यस कार्यविधि निर्माण हुनु भन्दा अगावै बहाल रहदा वा कार्यविधी जारी भएपश्चातको समयमा बाहाल रहँदाका बखत मृत्यु भएकाको हकमा समेत प्रदान गरिने छ।

**५.आर्थिक सहयोगको रकमको व्यवस्था:**

(१) मृतक जनप्रतिनिधीको एकाघर सगोलको हक लाग्ने परिवारका सदस्यले आर्थिक सहायताका प्रासिका लागी आवस्यक पर्ने सम्पूर्ण कागजातहरु संलग्न गरी बारबर्दिया नगरपालिकामा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विवरण प्रास भएपछि विवरणको आवश्यक जाँचबुझ गरी आर्थिक सहायता प्रदान गर्नुपर्ने देखिएमा बारबर्दिया नगरपालिकाले त्यस्तो रकमको भुक्तानी दिनु पर्नेछ ।

**६.बारबर्दिया नगरपालिकाले आवश्यक व्यवस्था गर्ने:** यस कार्यविधिको कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ परेमा नगर सभा / नगर कार्यपालिकाले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था गर्नेछ ।

**७. अन्य कुरा:**

यस कार्यविधिमा सम्पूर्ण कुरा यसै बमोजिम, अन्य कुरा प्रचलित कानून बमोजिम हुनेछ ।

**८. बाधा अड्काउ फुकाउने:**

यो कार्यविधि कार्यान्वयन गर्ने क्रममा कुनै बाधा अड्चन उत्पन्न भएमा नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

**९. अन्तिम व्याख्या**

यस कार्यविधिको कार्यान्वयनमा दुविधा उत्पन्न भएमा नगरपालिकाले गरेको व्याख्या अन्तिम हुनेछ ।

**१६. बचाउ तथा खारेजी:**

नगर कार्यपालिकाले यो कार्यविधि खारेजी वा अन्य मनासिब कुरा बचाउ समेत गर्न सक्नेछ ।

बारबर्दिया नगरकार्यपालिकाको कार्यालय, जयनगर, बर्दिया, लुम्बिनी प्रदेश, नेपाल

नगर प्रमुख

आज्ञाले
धर्मराज न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

CamScanner